# चौविसे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### राजारानी, धनकुटा

प.सं. :- २०८३/०८४ कोशी प्रदेश, नेपाल।
च.नं. :-

चौविसे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय राजारानी, धनकुटा २०७३

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

मितिः- २०८३/०४/२१

चौबिसे गाउँपालिकाको लागि तपशिलको पदमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नुपर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र रु.१०००/-(अक्षरुपी एक हजार रुपैयाँ मात्र) शुल्क तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

| विज्ञापन नं. | सेवा करार लिने पद | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|
| १-०८३/८४ | रोजगार संयोजक, छैटौं तह | १ | कम्तीमा मान्यताप्राप्त शैक्षिक संस्थाबाट स्नातक तह उत्तीर्ण गरेको। | |

**पेश गर्नुपर्ने काजजात तथा अन्य योग्यताहरु**

१. उमेरको हदः- दरखास्त पेश गर्ने अन्तिम मितिसम्म २१ वर्ष पुरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ।
२. आवश्यक कागजातः-उम्मेदवारको शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, यस अघि काम गरेको भए सोको अनुभव सम्बन्धि कागजात। साथै दरखास्त साथ पेश गरिएका सम्पुर्ण कागजातमा उम्मेदवार स्वयंमले हस्ताक्षर सहित प्रमाणित गरेको हुनुपर्नेछ।
३. भविश्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने गरी कुनै कारवाही नभएको ।
४. नैतिक पतन देखिने फोजदारी अभियोग अदालतबाट कसुरदार नठहरिएको।
५. परीक्षा मितिः-कार्यालयले सम्पर्क मिति तय गरेपश्चात तोकिनेछ।

.........................
बाबु नन्दन मेहता
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

Email: chaubisegapa@gmail.com, Website: https://choubisemun.gov.np
फोन नं. ०२६-४११०३२/४११०३३, मोबाइल नं. ९८५२०६२४०२
'मनोरम प्रकृति, पर्यटकीय स्थल चौविसेको सान - सुशासन सहितको दिगो विकास, हाम्रो साझा अभियान'

रोजगार संयोजकको पाठ्यक्रम

चौरिसे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
राजारानी, धनकुटा
२०७३

(५) उपदफा (२) बमोजिमका योग्यता तथा अनुभवका प्रमाणपत्रका प्रतिलिपीहरु उम्मेदवार स्वयमले हस्ताक्षर सहित प्रमाणित गरी अनुसूची १ बमोजिमको दरखास्तका साथ पेश गर्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम पेश गरिएको कुनै पनि प्रमाणपत्र झुठ्ठा भएको पाइएमा थाहा हुनासाथ त्यस्तो उम्मेदवारलाई छनौटको प्रक्रियामा भए छनौट प्रक्रियाबाट हटाएर र छनौट भई काममा खटिई सकेको भए करार रद्द गरेर कानून बमोजिम कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गरिनेछ ।

(७) उपदफा (१) बमोजिमको प्रारम्भिक योग्यताक्रमको सूची सम्बन्धित स्थानीय तहको वेवसाइट र सूचना पाटी दुवैमा प्रकाशन गर्नु पर्नेछ । प्रारम्भिक योग्यताक्रमको सूचीमा समावेश भएका उम्मेदवारहरुलाई सोको जानकारी ईमेल, एस.एम.एस वा टेलिफोन मार्फत गराउनु पर्नेछ ।

(८) प्रारम्भिक योग्यताक्रमको सूचीसँगै कम्प्युटर छनौट परिक्षाको मिति, समय र स्थान समेत तोकी सूचना प्रकाशन गर्नु पर्नेछ ।

९. **छनौट परीक्षाः** (१) प्रारम्भिक योग्यताक्रमको सूचीमा परेका उमेदवारहरुमध्येबाट रिक्त पदमा रोजगार संयोजक छनौट गर्न ५० पूर्णाङ्कको सेवा सम्बन्धी विषय र ५० पूर्णाङ्कको कम्प्युटर सम्बन्धी विषयको छुट्टा छुट्टै परीक्षा लिइनेछ ।

(२) उपदफा (१) बमोजिमको परीक्षामा सहभागी उमेदवारले उतीर्ण हुन प्रत्येक विषयमा कम्तिमा ४० प्रतिशत अङ्क प्राप्त गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रत्येक विषयको परीक्षाको समय ३० मिनेटको हुनेछ ।

(४) छनौट परीक्षामा सहभागी उमेदवारले अनुसूची २ बमोजिमको प्रवेशपत्र साथमा लिई आउनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको परीक्षाको पाठ्यक्रम देहाए अनुसार हुनेछः

**(क) सेवा सम्बन्धी**

१. रोजगारीको हकसम्बन्धी ऐन, २०७५ र रोजगारीको हकसम्बन्धी नियमावली, २०७५,

२. प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ र कामका लागि पारिश्रमिकमा आधारित सामूदायिक आयोजना सञ्चालन तथा व्यवस्थापन कार्यविधी, २०७६

३. बेरोजगारी, गरिबी निवारण र रोजगारी सिर्जनाका उपायहरु र स्थानीय तहमा रोजगारी सिर्जनाका क्षेत्र, सम्भावना तथा चुनौतीहरु,

४. सार्वजनिक निर्माण कार्यक्रम (Public Works Programme) मार्फत रोजगारी सिर्जना र कामका लागि पारिश्रमिक (Cash for Work) को अवधारणा, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यास र चुनौतीहरु,

५. रोजगारी सिर्जनामा सरकार, निजी क्षेत्र, सहकारी क्षेत्रको भूमिका र यस्ता क्षेत्रहरुबीचको सहकार्य र साझेदारी,

६. स्थानीय तहमा योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन प्रकृया,

७. स्थानीय तहको बजेट तर्जुमा प्रकृया, खर्च व्यवस्थापन र लेखा परीक्षण प्रणाली,

८. स्थानीय विकास तथा सेवा प्रवाह प्रक्रियामा जनसहभागिता, पारदर्शीता र उत्तरदायित्व,

९. सामाजिक परिचालन, सार्वजनिक सुनुवाई, सामाजिक लेखापरीक्षण तथा गुनासो व्यवस्थापन, र

१०. आचरण तथा अनुशासन, नैतीकता, सदाचार र भ्रष्टाचार नियन्त्रण ।

**(ख) कम्प्युटर सम्बन्धी**

1. Computer fundamental
2. Operating System
3. Word processing
4. Electronic spreadsheet
5. Database management system
6. Presentation system

१०. **<u>अन्तिम योग्यताक्रमको सूची प्रकाशन गर्नेः</u>** (१) समितिले छनौट परीक्षामा सहभागी उमेदवारले प्राप्त गरेको अंकका आधारमा उतीर्ण उमेदवारहरुको अन्तिम योग्यताक्रमको सूची कायम गरी प्रकाशन गर्नु पर्नेछ ।

(२) रोजगार संयोजकको रिक्त पदका लागि उपदफा (१) बमोजिम प्रकाशित सूचीबाट सबै भन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई छनौट गर्नुपर्नेछ ।

(३) छनौट परीक्षामा उम्मेदवारहरुले बराबर अङ्क प्राप्त गरेको अवस्थामा न्यूनतम शैक्षिक योग्यताको लब्धांकपत्रमा उल्लेखित लब्धांक प्रतिशतलाई आधार मानी अन्तिम योग्यताक्रम निर्धारण गर्नु पर्नेछ । लब्धांक प्रतिशत समेत बराबर रहेको अवस्थामा क्रमशः अनुभवको अवधि, माथिल्लो तहको शैक्षिक योग्यता, माथिल्लो तहको शैक्षिक योग्यतामा प्राप्त गरेको अंक प्रतिशत र उमेरको जेष्ठतालाई आधार मान्नु पर्नेछ ।